रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ, रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province , Nepal

प/.सं.FY :- २०८२/०८३ | मिति/Date :- २०८२/०४/०२

च/.नं.Ref. NO : | नेपाल सम्वत .११४५

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

रोल्पा नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई आर्थिक वर्ष २०८२/०८३ मा आवश्यक पर्ने विभिन्न वस्तु, सेवा तथा कार्यहरू निर्धारित मापदण्ड अनुसार उपलब्ध गराउनका लागि योग्य तथा इच्छुक परामर्शदाता, फर्म, कम्पनी, संस्था वा व्यक्तिहरूबाट सूची दर्ताको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेखित प्रावधानहरू बमोजिम सूचीमा समावेश हुन इच्छुक आवेदकहरूले तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यस नगरपालिकाको राजस्व शाखामा तोकिएको दस्तुर तिरी विधिवत् निवेदन पेश गर्नहुन अनुरोध गरिन्छ।

### सूची दर्ताका लागि आवश्यक कागजातहरू:

१. संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. नवीकरण (म्याद थप) भएको प्रमाणपत्रको प्रतिलिपि (लागू हुनेमा)।
३. मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (व्यक्तिगत परामर्शदाता वा प्रोप्राइटरशिपको हकमा)।
६. सम्बन्धित वस्तु, सेवा वा कार्यसँग सम्बन्धित इजाजतपत्र वा पेशागत अनुमतिपत्र (लागू हुनेमा)।
७. फर्म/कम्पनीको प्रोफाइल तथा विगतको कार्य अनुभवको विवरण (यदि भएमा)।

### सूची दर्ता गरिने वस्तु, सेवा तथा कार्यका मुख्य क्षेत्रहरू:

१. स्टेशनरी तथा कार्यालय प्रयोजनका मसलन्द सामग्री आपूर्ति।
२. छपाई तथा प्रकाशन सम्बन्धी सेवाहरू।
३. फर्निचर तथा फर्निसिङ सामग्रीको आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरू।

प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. +977-166-086-44555 Ph. +977-086-440071, Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ, रोल्पा
Libang, Rolpा
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

४. सवारी साधनको भाडा तथा अन्य यातायात सेवा।

५. कम्प्युटर, ल्यापटप, सफ्टवेयर तथा अन्य सूचना प्रविधि र विद्युतीय उपकरणको आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरू।

६. खाजा, पानी, निर्माण सामग्री, प्लम्बिङ तथा औजारहरूको आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरू।

७. सवारी साधनको मर्मत सम्भार तथा पाटपुर्जा आपूर्ति।

८. विज्ञापन तथा प्रचारप्रसार सम्बन्धी सेवाहरू।

९. सवारी साधनका लागि इन्धन (पेट्रोल, डिजेल) आपूर्ति।

१०. भवन, पर्खाल लगायतका संरचनाहरूको रंगरोगन, निर्माण तथा मर्मत सम्बन्धी कार्यहरू।

११. भू-सर्वेक्षण (सर्भे) सम्बन्धी सेवाहरू।

१२. विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रमहरूको सञ्चालन।

१३. नयाँ सवारी साधनको खरिद तथा आपूर्ति।

१४. अन्य आवश्यक वस्तु, सेवा तथा कार्यहरू (यी बाहेकका आवश्यकता अनुसार)।

.............................
(रामप्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-** श्री सूचना प्रविधि शाखा, वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।

Toll Free No. +977-166-086-44555 ☎Ph. +977-086-440071, ☎ Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

CamScanner